# परियोजना बाहिरिने एक जानकारी

SHARE AND CARE NEPAL

शेयर एण्ड केयर नेपाल
समुदायमा आधारित स्वास्थ्य तथा विकास परियोजना
काठमाडौं, सिन्धुपाल्चोक र काभ्रेपलाञ्चोक जिल्ला
फोन नं. ०१-५५३८५७७
इमेलः *edo@share-care.org*
वेबसाइटः *www.share-care.org*

# शेयर एण्ड केयर नेपाल
# समुदायमा आधारित स्वास्थ्य तथा विकास परियोजना, काठमाडौं, सिन्धुपाल्चोक र काभ्रेपलाञ्चोक
# Community Based Health and Development Project (CBHDP), Kathmandu, Sindhupalchowk & Kavrepalanchowk

## परियोजना बाहिरिने चरणको- एक अवधारणा:

**(क) सन्दर्भ:**

शेयर एण्ड केयर नेपालले वि.सं. २०५९ सालदेखि यस समुदायमा आधारित स्वास्थ्य तथा विकास परियोजनालाई काठमाडौं जिल्लाको लप्सेफेदी र नाङ्लेभारे गा.वि.स.मा शुरुवात गरेको थियो । परियोजनाको विस्तारका क्रममा वि. स. २०६२ सालमा काठमाडौं जिल्लाको सुन्टोल वडा नं.८ र ९, सिन्धुपाल्चोक र काभ्रेपलाञ्चोक जिल्लाका क्रमशः भोटेचौर, सिन्धुकोट, हैबुङ्ग र वालुवापाटी गा.वि.स.हरुलाई पनि समेटी कार्यक्रम शुरुवात गरियो । समुदायको सहभागिता जुटाई सामुदायिक विकास र सरोकारका विषयहरुः सामुदायिक स्वास्थ्य, सामुदायिक शिक्षा, महिला सशक्तिकरण, खाद्य सुरक्षा, प्रकोप व्यवस्थापन तथा संस्थागत क्षमता अभिवृद्धि गर्नमा विभिन्न परियोजनाका गतिविधिहरु प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा समुदायलाई जागरुक र क्रियाशिल बनाई सम्पन्न गर्ने कार्य भईरहेको छ। परियोजना कार्यन्वयनकै दौरानमा "सुकुल कसले कसरी बुन्यो भन्दा पनि त्यसको विट कसरी मार्ने" भन्ने भनाईलाई मनन गर्दा हाल सम्म भए गरेका गतिविधिहरुको विट राम्ररी मारेर पछि टिकाउ रहने अवस्था कसरी बनाउन सकिन्छ भन्ने प्रश्न हाम्रो सामु छ । यसै क्रममा विगत ६ वर्ष देखि यस क्षेत्रमा कार्य गर्दै आइरहेको यात्रा अन्तिम चरणमा प्रवेश गरी सकेको छ ।

विभिन्न निकायहरुले सामुदायिक विकास गर्न विभिन्न विधि र पद्दतिहरु (राहतमुखी, विकासमुखी र सशक्तिकरण तथा रुपान्तरण)को अवलम्वन गरेको पाईन्छ । **कल्याणकारी तथा राहतमुखी विकास (Welfare and Charity) पद्दति अनुसार विकास गर्ने हो** भने समुदाय एक राहत माग्ने, र संस्था राहत दिने, समुदाय आफुलाई कमजोर, गरीव र असक्षम रहेको ठान्दछन् भने संस्थाहरु समुदायसंग केही छैन, केही गर्न सक्दैन, तिनीहरुका लागि गरी दिनुपर्छ भन्ने धारणा राख्दछन् ।

अर्को **परिवर्तन तथा विकासमुखी (Change and Development) पद्दतिमा सामुदायिक विकास गर्दा** समुदाय आफै विकासका कामहरु गर्ने प्रयास गर्दछन्, श्रोतहरुको खोजी गर्ने, परिचालन गर्ने र सम्भावनाहरु खोज्ने प्रयास गर्दछन् भने संस्थाहरु सहयोगी भूमिका खेल्दै समुदायलाई सशक्त बनाउने प्रयास गर्दछन् । समुदायले हामी आफैले विकास गनुपर्छ, हामी गर्न सक्छौ, अरुको भर पर्नु हुदैन् भन्ने धारणा राख्दछन् भने संस्थाले समुदायलाई सक्षम बनाउनु पर्दछ, संस्था र समुदाय मिलेर काम गनुपर्छ, समुदायले अगुवाई गनुपर्छ र परनिर्भर हुनु हुदैन भन्ने धारणा राख्दछन् ।

## समुदाय र विकासको पारस्परिक सम्बन्ध

**परनिर्भरता (Dependency):**
कुनै समुदायको आशा र चाहना कुनै संघ संस्था तथा व्यक्तिहरुले सजिलै पुरा गरी दिन्छन् र समुदाय पनि आफ्नो आशा र चाहना निरन्तर रुपमा अरुले पुरा गरी देओस भन्ने अपेक्षा र माग राखी रहन्छन् । यस्तो परिस्थीति कुनै पनि समुदायमा हुने नौला कुरा होईनन् । तर यसबाट निस्कने परिणामले सधैं समुदायलाई परनिर्भरतामुखी रहन्छन् र समुदायलाई अर्काको मुख ताक्ने आशे बनाउँछ ।

**निर्भरता (Independency):**
कुनै समुदाय आफैमा निर्भर रहौं र आफ्नो ज्ञान, सीप, क्षमता र श्रोतको प्रयोग गरी स्वावलम्बी रुपमा अघि बढ्न सक्षम होउँ भन्ने अपेक्षा राख्दछन् । निर्भरता त्यस्तो अवस्था हो, जुन अवस्थामा अन्य कुनै निकाय वा व्यक्तिहरुको सहयोग विना स्वत स्फूर्त रुपमा समुदाय क्रियाशील हुन सक्छन् तर माछालाई पानीको आवश्यकता परेजस्तै कुनै पनि समुदाय आफैमा पुर्ण रुपमा निर्भर हुन्छन भनेर भन्न सकिदैन । समय र परिस्थीति अनुसार कुनै पनि समुदाय अघि बढ्न सकेन भने ठोस परिणाम ल्याउन सकिदैन् । यदि समुदायले वा व्यक्तिहरुले आफु एक्लैले विकास र परिवर्तन गर्ने हो भने हजारौ वर्ष पहिल्यै नै गरीसकेका हुन्थे । समुदायमा कुनै पनि संघ सस्थाको प्रवेश संगै दिगोपनाको लागि एकमुष्ट केही दिए हुन्थ्यो ? केही गरी दिएमा हामी आफै गर्न सक्थ्यौं भन्ने भावना जागृत हुन स्वभाविक पनि हो । तर एक्लैले केही गर्न सकिदैन अरुको सहयोग र सम्बन्ध लिन आवश्यक छ ।

**अन्तर-निर्भरता (Inter-dependency):**
कुनै समुदायको ज्ञान, सीप, श्रोत र क्षमताले मात्र केही गर्न सकिदैन, परिणाममुखी र दिगोपन तर्फ उन्मुख भई सामाजिक , आर्थिक रुपान्तरण गर्ने नै हो भने स्थानीय र बाह्य सरोकारवालाहरु सरकारी, गैर सरकारी र नीजि निकाय तथा संघ संस्थाहरुसंग समन्वय राख्दै प्राप्त श्रोतहरुको खोजी र अधिकतम सदुपयोग गर्दै राज्यबाट उपलब्ध श्रोत र सुविधाहरुको आफ्नो हक र अधिकार सहित परिचालन गरी सम्पुर्ण समुदायको हक र हितको लागि अन्तर सम्बन्धात्मक तरीकाले गर्ने कार्यक्रम नै दिगो र निरन्तर चलिरहने एक प्रक्रिया र सामाजिक रुपान्तरणको एक अभियान हो ।

त्यसैगरी **सशक्तिकरण तथा रुपान्तरण (Empowerment and Transformation) विकास पद्धति अनुसार सामुदायिक विकास गर्दा** समुदायले निर्णय गर्दछन्, नेतृत्व लिन्छन्, श्रोत परिचालन गर्न वकालत गर्दछन्, कामको समिक्षा गरी फेरी काम थाल्दछन् भने संस्थाले समुदायलाई सुसुचित गर्ने, क्षमता विकास गर्ने, सशक्त बनाउने र सवालहरु उठाउने कार्यमा सबलीकरण गर्दछन् । यसमा समुदाय संगठित भएर राज्यबाट अधिकार प्राप्त गर्न पहल गर्दछन् । "हाम्रो समस्या हामीले नै समाधान गनुपर्छ" भन्ने धारणा राख्दछन् भने संस्थाले "हामी समुदायको लागि काम गरी दिने होईन समुदायसंगसंगै काम गनुपर्छ, समुदायलाई क्रियाशील बनाउने दायित्व हाम्रो हो" भन्ने धारणा राख्दछन् ।

यसर्थ समुदायको सक्रियता ,सहभागिता र योगदानद्वारा समुदाय आफै क्रियाशील भई सामुदायिक विकासलाई दिगो रुप दिन **परिवर्तन तथा विकास पद्धती र सशक्तीकरण तथा रुपान्तरण विकास पद्धति** अपनाई गर्न सकिने भएकोले यस संस्थाले दुवै पद्धति तथा विधीको प्रयोग गरी यस अभियानलाई अघि बढाएको थियो ।

शेयर एण्ड केयर नेपाालको लामो अनुभव र राम्रा अभ्यास अनुसार कुनै पनि समुदायमा गरिने विकासका कार्यहरु तीन चरणमा गर्ने गरिन्छ । जस अनुसार यस समुदायमा आधारित स्वास्थ्य तथा विकास परियोजनालाई पनि तीन चरण गरी ६ वर्ष अवधिमा सम्पन्न गर्ने लक्ष्य राखिएको थियो ।

### १. प्रारम्भिक चरण (Entry Stage):

कुनै पनि कार्यक्रमको शुरुवात गर्दा नै सबै प्रकारले तयारी एवं प्रभावकारी ढंगले गर्नु महत्वपुर्ण कुरा हो । जस अनुसार यस चरणमा विशेष गरी समुदायलाई जानकारी लिने दिने, सम्बन्ध स्थापना गर्ने, कार्यक्रमको अवधारणा बुझ्ने, बुझाउने, सामाजिक परिवेशको सफलताको अध्ययन र अनुसन्धान गर्ने, आवश्यकता अनुसार स्वयंसेवकहरु छनौट एवं तालिमको आयोजना गर्ने र अन्त्यमा सहभागितामुलक ग्रामिण लेखाजोखा गरी प्राप्त सूचना, तथ्याङ्कहरुलाई समुदाय वीचमै छलफल र प्रस्तुतिकरण गर्ने कार्य भयो । अन्त्यमा जसको नतिजा स्वरुप सहभागिमूलक तरिकाले स्पष्ट उद्देश्यहरुका साथ प्रस्तावना तयार गरी स्वीकृतिको लागि सम्बन्धित निकायमा प्रस्तुत गरिएको थियो ।

### २. कार्यान्वयन चरण (Implementation Stage):

प्रारम्भिक चरणमा पहिचान गरिएका समस्या र समुदायको विगतका सफलताहरुलाई समेत प्राथमिकीकरण गरी सामुदायिक सहभागीता र साझेदारी प्रकृयाद्धारा स्पष्ट उद्देश्यका साथ तयार गरिएको प्रस्तावना र संस्थाको श्रोतले सम्भव देखिएका क्रियाकलापहरु सहभागीमूलक प्रकृयाले कार्यान्वयन गरिएका छन् जसमा समुदायले आफ्नो विगतका सफलताहरुको अध्ययन र अन्य समुदायमा भए गरिएका क्रियाकलापहरुको अवलोकन समेत गरेर स्व-मुल्याङ्कनद्धारा प्रभावकारी निर्णयहरुका साथ समुदायले नै आफ्नो कार्ययोजना तयार पारेर कार्यान्वयन गर्न सहजीकरण गरिएको थियो ।

### ३. बाहिरीने चरण (Exit Stage):

प्रारम्भिक चरण र कार्यन्वयन चरणमा अपनाइएका सम्पुर्ण प्रक्रियाहरु, गरिएकाक्रियाकलापहरु, प्राप्त उपलब्धीहरु, नतिजाहरुलाई प्रभावकारी ढंगले निरन्तर रुपमा अघि बढाई समुदायलाई सशक्त रुपले समुदायले नै आफ्नो समुदायको कार्य योजना र कार्यक्रमहरु तयार गरी आफैं कार्यान्वयन गर्न सक्नेछन् । जसको फलस्वरुप समुदायमा दिगो विकासको प्रकृया अघि बढ्ने अपेक्षा लिइएको छ ।

यस चरणमा कार्यक्रमका सरोकारवाला साझेदारहरुसँग छलफल, अन्तरक्रिया, कार्यक्रमको दिगोपना र निरन्तरताका लागि अत्यावश्यक तत्वहरुको छलफल, सरोकारवाला निकायहरुसँग समन्वय, संजाल तथा सम्बन्ध विस्तार, सम्पन्न्न भएका गतिविधिहरु र उल्लेखनीय उपलब्धीहरुको

अध्ययन, घटना, अनुभव र सफलताका कथाहरुको संगालो संकलन साथै आवश्यक परेमा वा लागेमा "हाम्रो सफलता, हाम्रो सपना"को आधारमा वृतचित्र समेत निर्माण गरि आभार व्यक्त कार्यक्रममा प्रस्तुत गरिनेछ ।यस चरणको अन्त्य तिर सम्पूर्ण समुदायको बृहत भेलाद्वारा एक सामाजिक उत्सव **(Thanks Giving Event)** को आयोजना गरिनेछ । जसलाई आभार व्यक्त कार्यक्रम ("हामी आभारी छौ !") को साथ कार्यक्रमको विधिवत समापनको घोषणा गरिनेछ ।

### (ख) CBHDP परियोजना बाहिरिने किन ?

सामुदायिक विकास प्रक्रिया शुरुवात गर्नु जति महत्वपुर्ण छ त्यति नै त्यसको निरन्तरता र दिगोपना कायम गर्नु महत्वपुर्ण हुन्छ । त्यो अवस्था तब आउछ जब स्थानीय समुदाय सक्रिय र सक्षम ढंगबाट दायित्व बोधका साथ अगुवाई गर्न तत्पर हुन्छन् । तत्पर हुने अवस्था त्यो हो जब नेतृत्वको हस्तान्तरण हुन्छ र समुदायले आफै योजनाबद्ध रुपले सामुदायिक विकासका गतिविधिहरुको नेतृत्व सम्हाल्दछन् । यसर्थ, "समुदायको नासो समुदायलाई नै" भन्ने भनाईलाई आत्मसात गरी परियोजनाले सामुदायिक विकासका क्षेत्रमा गरेको अगुवाईलाई स्थानीय समुदायलाई नै सुम्पिने एक स्वभाविक प्रकृया स्वरुप परियोजना बाहिरिने गर्दछ ।

### (ग) CBHDP परियोजनाले संचालन गरेको कार्यहरु:

#### १. सामुदायिक स्वास्थ्य:

**१.१ परिवेश:**

ग्रामिण तथा खाँचोमा परेका समुदायले प्रभावकारी स्वास्थ्य सेवा र सुविधा अझै सर्वसुलभ रुपमा प्राप्त गर्न सकिरहेको थिएनन् । समुदायमा स्वास्थ्य सचेतना, सरसफाईको कमी, स्वास्थ्य संस्थाहरुको प्रभावकारी व्यवस्थापन नभएको, स्वास्थ्य कर्मीहरुलाई नयाँ तथा आधुनिक ज्ञान, सीप तथा सूचनाहरुबारे जानकारी नभएको, दुर्गम गाउँमा काम गर्ने दक्ष स्वास्थ्य कर्मीहरु तथा उपयुक्त सामग्रीहरुको अभाव भएकोले स्वास्थ्य क्षेत्रका समस्याहरु झन् जटिल बन्दै गएको अवस्थामा ग्रामिण समुदायको स्वास्थ्य अवस्था सुधार गर्नुपर्ने आवश्यकता हामीले महशुस गरेका थियौं ।

**१.२ उद्देश्य:** समुदायको स्वास्थ्य सेवा तथा सचेतनामा सुधार ल्याउने ।

**१.३ क्रियाकलापहरु:**

- स्वास्थ्य सेवा प्रभावकारी बनाउन सेवाग्राहीहरु एवं सेवा प्रदायकहरुलाई क्षमता अभिबृद्धि गर्न पहल गरियो ।
- स्वास्थ्य संस्थाहरुको व्यवस्थापन प्रणाली प्रभावकारी बनाउन पहल गरियो ।
- एच.आई.भी, एड्सबारे सचेतना फैलाउने र प्रभावितहरुलाई सहयोग पुर्‍याउन सहजीकरण गरियो ।
- समुदायका व्यक्तिहरुको व्यक्तिगत स्वास्थ्य सरसफाई गर्न सचेतना फैलाइएको थियो ।

#### २. सामुदायिक शिक्षा:

**२.१ परिवेश:** ग्रामिण समुदायका विशेषगरी गरीब,दलित, जनजाति,पछाडी परेका वर्गका महिलाहरु शिक्षामा पछाडी परेका थिए । विपन्नता तथा भौगोलिक विकटताका कारण धेरै बालबालिकाहरु विद्यालय छाड्न बाध्य थिए । ग्रामिण समुदायमा रहेका विद्यालयहरुको प्रभावकारी व्यवस्थापन

नभएको,पुर्वाधारहरुको अभाव, पुरानो पठन पाठन विधि र सिर्जनात्मक वातावरणको अभावमा गुणस्तरीय तथा उच्च शिक्षा विपन्न वर्गको पहुँचमा पुग्न नसकी रहेको अवस्थामा शिक्षाको गुणस्तर बढाउनु पर्ने आवश्यकता महशुस गरिएको थियो ।

२.२ **उद्देश्यः** ग्रामिण समुदायमा शिक्षाको गुणस्तरमा पहुँच बढाउने ।

२.३ **क्रियाकलापहरुः**

- समुदायका व्यक्तिहरु तथा समूहहरुलाई जीवन उपयोगी शिक्षा अभियान संचालन गर्न सहजीकरण गरियो ।
- विद्यालयहरुको व्यवस्थापन प्रणालीमा प्रभावकारीता ल्याउन पहल गरियो ।
- विपन्न वर्गका विद्यार्थीहरु, विद्यालय छाडेका बालबालिकाहरु तथा तिनका अभिभावकहरुलाई उत्प्रेरित गरी विद्यालय पढ्ने वातावरण सिर्जना गर्न पहल गरियो ।
- विद्यालयहरुमा आवश्यकता अनुसार कक्षा अभिवृद्धि गर्न र शैक्षिक स्तर उकास्न पहल गरियो ।

## ३.महिला सशक्तिकरणः

३.१ **परिवेशः** समुदायमा महिलाहरुको अवस्था पुरुषको दाँजोमा पिछडीएको र महिला पुरुष वीचको विभेद कायमै रहेको अवस्था, महिलाहरु शिक्षामा पछाडी परेका, सामुदायिक विकासमा महिलाको सहभागितामा हुन नसकेको, निर्णयमा पहुँच नभएको र कुनै सामुदायिक दायित्व तथा भूमिका नभएको अवस्थामा महिला महिलाहरुलाई एकिकृत गराई आर्थिक, सामाजिक सशक्तिकरणको आवश्यकता हामीले महशुस गरेका थियौं ।

३.२ **उद्देश्यः** महिला समूहको परिचालन गरी महिला सशक्तिकरणको शुरुवात तथा लैङ्गिक सचेतनामा सुधार ल्याउने ।

३.३ **क्रियाकलापः**

- महिलाहरुलाई समूहमा संगठित गरी हक अधिकार प्राप्त गर्न र श्रोतमा पहुँच बढाउन सहजीकरण गरियो ।
- महिलाहरुलाई आत्मविश्वासी र सिर्जनशील बनाउन ज्ञान, सीप तथा क्षमता अभिवृद्धि गरियो ।
- महिलाहरुलाई उद्यमशीलता तर्फ अग्रसर गराउन सहजीकरण गरियो ।

महिला समूह, सञ्जाल र सहकारीको संस्थागत विकास र प्रभावकारी व्यवस्थापन गर्न पहल गरियो ।

## ४. खाद्य सुरक्षाः

४.१ **परिवेशः** लक्षित ग्रामिण समुदायको कृषि पेशा जीविकोपार्जनको प्रमुख स्रोत भएता पनि आवश्यकता अनुसारको कृषि उत्पादनको परिमाण र गुणस्तर कायम हुन नसकिरहेको, कम उत्पादनशील भूमि, परम्परागत खेती प्रणाली, भौगोलिक विकटता, सिंचाई सुविधाको अभाव, उपयुक्त प्रविधिको अभाब र कृषकहरु संगठित रुपले अघि बढ्न नसकेको अवस्थामा कृषि क्षेत्रमा सुधार ल्याउनु पर्ने आवश्यकता महशुस गरेका थियौं ।

४.२ **उद्देश्यः** समुदायको कृषि उत्पादनमा सुधार ल्याउने ।

**४.३ क्रियाकलापहरुः**

- कृषक समूह तथा कृषि सहकारीको क्षमता अभिवृद्धि गरियो ।
- उन्नत तथा आधुनिक खेती प्रणाली र उपयुक्त कृषि प्रविधिको वारेमा जानकारी गराइएको थियो ।
- कृषकहरुलाई व्यवसायिक कृषि गर्न प्रोत्साहन गराइएको थियो ।
- कृषि उत्पादनको प्रबद्धर्न तथा बजारीकरणमा सहजीकरण गरियो ।

## ५.प्रकोप व्यवस्थापनः

**५.१ परिवेशः** दिन प्रतिदिन समुदायको जनजीवन विभिन्न वातावरणीय परिवर्तनको कारणले प्रभावित भइरहेको, बाढी, पहिरो, जलवायु परिवर्तन, विश्व वाष्पिकरण, खडेरी र सुख्खा, आगलागी आदि कारणबाट मानिसको जनजीवन अस्तव्यस्त हुदै आई जसले समुदायमा झन गरीवि तथा संकटको अवस्था सिर्जना हुन सक्ने भएकाले वातावरणलाई जोगाई राख्न, आपत्ति तथा विपत्तिका घटनाहरुबाट हुने क्षति न्युन गर्न र जोखिमहरुको सामना गर्न समुदायलाई प्रकोप व्यवस्थापन तथा क्षति न्युनिकरणको सचेतना फैलाउनु पर्ने आवश्यकता महशुस गरिएको थियो ।

**५.२ उद्देश्यः** प्रकोपको सामना, पूर्व तयारी तथा न्युनीकरण गर्न समुदायको क्षमता अभिवृद्धि गर्ने ।

**५.३ क्रियाकलापः**

- प्रकोप प्रत्युत्तर गर्नका लागि समुदाय तथा प्रकोप व्यवस्थापन समितिको परिचालन तथा क्षमता अभिवृद्धि गरियो ।
- वातावरणीय संरक्षण गर्न पहल गरियो ।
- स्थानीय स्तर देखि जिल्ला र राष्ट्रिय स्तरका प्रकोप प्रत्युक्तर गर्ने संघ संस्थाहरुसंग संजाल तथा सम्बन्ध स्थापित गर्न सहजीकरण गरियो ।
- विभिन्न समुदायका समूहहरुलाई प्रकोप सम्बन्धि सचेतना फैलाउने कार्य गरियो ।

## ६.संस्थागत विकासः

**६.१ परिवेशः** स्थानीय संघ संस्थाहरु समुदायका मेरुदण्ड हुन। त्यस्ता संघ संस्थाहरुको क्षमता अभिवृद्धि र सबलीकरण गरियो भने सामुदायिक विकासका कार्यहरु निरन्तर र दिगो हुन सक्छन् र सिर्जनशील कामहरुको शुरुवात गर्न तथा भए गरेका क्रियाकलापहरुको निरन्तरता दिन सक्दछन् । यसर्थ समुदायमा सुसुप्त अवस्थामा रहेका र प्रभावकारी व्यवस्थापन हुन नसकेका स्थानीय समूह, संघ संस्थाहरुलाई सक्रिय बनाउन पहल गर्ने साथै क्षमता अभिवृद्धि समेत गर्नु पर्ने आवश्यकता हामीले महशुस गरेका थियौ ।

**६.२ उद्देश्यः** स्थानीय समुदायको विकास गर्न समुदायमा आधारित संघ संस्थाहरुको व्यवस्थापकीय क्षमतामा सुधार ल्याउने ।

**६.३ क्रियाकलापहरुः**

- स्थानीय संघ संस्थाहरुको क्षमता अभिवृद्धि गरियो ।
- स्थानीय संघ संस्थाहरुलाई सामुदायिक विकासका कार्यहरुको शुरुवात गर्न तथा भैरहेका कामको निरन्तरता दिन प्रोत्साहन गरियो ।
- स्थानीय संघ संस्थाहरुको प्रभावकारी व्यवस्थापन गर्न पहल गरियो ।
- स्थानीय संघ संस्थाहरु वीच समन्वय,सम्बन्ध र संजाल विस्तार गर्न पहल गरियो ।

### (घ) सरोकारवाला साझेदारहरु:

शेयर एण्ड केयर नेपालको यस समुदायमा आधारित स्वास्थ्य तथा विकास परियोजना मार्फत गठन, परिचालन एवं सवलीकरण गरीएका समुहहरु र साझेदार संस्थाहरुको विवरण निम्न अनुसार छन् :-

| क्र.सं. | समूहहरुको विवरण | समूह संख्या | सदस्य संख्या |
|---|---|---|---|
| १. | महिला समूहहरु | ६५ वटा | १३०८ जना |
| २. | महिला संजाल समूह | ६ वटा | १४० जना |
| ३. | महिला सहकारी संस्था | २ वटा | ३९० जना |
| ४. | कृषक समूह | १० वटा | २०५ जना |
| ५. | कृषक सहकारी संस्था | १ वटा | १७९जना |
| ६. | सिंचाई उपभोक्त समिति | ५ वटा | २५३ जना |
| ७. | प्रकोप व्यवस्थापन समिति | ४ वटा | ४४ जना |
| ८. | धामी झाक्री समूह | ४ वटा | ६५ जना |
| ९. | महिला स्वास्थ्य स्वयं सेविका समूह | ५ वटा | ४७ जना |
| १०. | भाई बहिनी समूह | ८वटा | ८० जना |
| ११. | किशोरी समूह | ९ वटा | १३५ जना |
| १२. | बाल समूह | ७ वटा | १०७ जना |
| १३. | खानेपानी उपभोक्ता समिति | ७ वटा | १७५ जना |
| १४. | साझेदार विद्यालय तथा विद्यालय व्यवस्थापन समिति | १५ वटा | १३५ जना |
| | | जम्मा | ३२६३ जना |

### (ङ) आभार तथा कृतज्ञता:

यस समुदायमा आधारित स्वास्थ्य तथा विकास परियोजनालाई विगत ६ वर्ष देखि समुदायका तर्फबाट अतुलनीय सहयोग, सहभागिता एवं सरोकार राखी पुऱ्याउनु भएको योगदानले नै यस परियोजनाको बाहिरिने चरण सम्म निरन्तर हाम्रो यात्रा अगाडी बढ्न सकेको हो। संस्था र समुदायको दोहोरो पहल तथा प्रयासले परियोजनाका गतिविधिहरु निरन्तर अगाडी बढ्न सके। जसले गर्दा सीमान्तकृत तथा खाँचोमा परेका व्यक्ति र समुदायलाई सशक्तिकरण गर्ने पहल गरीयो र हालसम्म समुदायमा जे जति उपलब्धीहरु हुन गएका छन् तिनको निरन्तरता दिनु समुदायको दायित्व रहेको छ।

शेयर एण्ड केयर नेपालको विगत १७ वर्षको कार्य अनुभव र अभ्यासमा विभिन्न परियोजनाहरु बाहिरिने चरण पार गरी समापन समेत भईसकेका छन्। महिला सशक्तिकरण कार्यक्रम फर्पिङ्ग, समुदायमा आधारित स्वास्थ्य तथा विकास परियोजना लप्सेफेदी/नाङ्गलेभारे र महिला सशक्तिकरण कार्यक्रम छम्पी/डुकुछापको बाहिरिने चरणको अन्त्यमा गरिएको धन्यवाद ज्ञापन कार्यक्रमले हामीलाई उत्साहित बनाएको थियो। जहाँ हामीले हाम्रो काम गराइको दौरानमा साथ सहयोग र योगदान पुऱ्याउनु हुने सम्पूर्ण माहानुभावहरु, समूहहरु, संघ संस्थाहरु र सरकारी तथा गैर सरकारी निकायहरु प्रति हामीले आभार व्यक्त गर्न सक्यौं जसको फलस्वरुप ती समुदायलाई निरन्तर क्रियाशील रहन हौस्याइ रहेका छन्। यसरी आभार र कृतज्ञता व्यक्त गर्ने, योगदानको स्मरण गर्ने र सहयोग र सहभागतिाको लागि धन्यवाद व्यक्त गर्ने परम्परा शेयर एण्ड केयर नेपालले अवलम्बन गर्दै आइरहेको छ।

यस चरणको अन्त्यतिर सम्पुर्ण समुदायको बृहत भेलाद्वारा एक सामाजिक उत्सव **(Thanks Giving Event)** को आयोजना गरीनेछ। जसलाई आभार व्यक्त कार्यक्रम "हामी आभारी छौ !" को साथ कार्यक्रमको विधिवत समापनको घोषणा गरीनेछ। यसर्थ "समुदायको नासो समुदायलाई नै" भन्ने भनाईलाई आत्मसात गरी परियोजनाले सामुदायिक विकास क्षेत्रमा गरेको अगुवाईलाई स्थानीय समुदायलाई नै सुम्पिने एक स्वभाविक प्रकृया स्वरुप कार्यक्रम बाहिरिनेछ। यस अवसरमा शेयर एण्ड केयर नेपाल सम्पूर्ण समूदायप्रति आभार तथा कृतज्ञता व्यक्त गर्न गइरहेको हुँदा यहाँहरुको उपस्थिति, सक्रिय सहभागीता र सहयोगको लागी हार्दिक आग्रह गर्दछ।